# चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को निति तथा कार्यक्रम

**सभाका सभा सदस्य ज्यूहरु,**

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, निर्णय गर्ने, नीति तथा योजना बनाउने, बार्षिक बजेट तथा कार्यक्रम बनाउने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको उपलब्धि हो । यस अवसरमा म संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएका जनयुद्ध, जनआन्दोलन लगाएतका संघर्षका क्रममा आफ्नो जिवन उत्सर्ग गरेका ज्ञात अज्ञात महान शहिद प्रति भावपूर्ण श्रद्धान्जली अर्पन गर्दछु । साथै सोही आन्दोलनका क्रममा घाईते वेपत्ता, अपाङ्गता भएका योद्धा र स्वाभिमान पूर्वक आन्दोलनमा सरिक भई महत्वपूर्ण योगदान पुऱ्याउनुहुने महान व्यक्तित्वहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । यस सन्दर्भमा चौरजहारी नगरपालिकाले आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भैरहेको छ ।

**सभाका सभा सदस्य ज्यूहरु,**

**अब म आगामी आ.व. २०७६/०७७ को समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## नीति तथा कार्यक्रम

- **"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने संघीय सरकारको दीर्घकालिन उद्देश्य तथा **"शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार यसका लागि पूर्वाधार"** भन्ने कर्णाली प्रदेशको नारालाई सार्थक पार्न "**आत्मनिर्भर, एकता र समृद्ध नगरको निर्माण, चौरजहारी नगरवासीको पहिचान"** भन्ने मुल नाराका साथ यस नगरपालिकाले समृद्ध र आत्मनिर्भर बनाउने दीर्घकालीन सोंच तय गरिएको छ ।
- नगरवासीका न्युनतम आधारभुत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- नगरपालिकाले मुस्कान सहितको नियमित सेवा प्रवाहका साथै सेवाग्राहीहरुको गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउने नीति लिनेछ ।
- पारदर्शीता, बस्तुनिष्ठता, जवाफदेहीता, इमान्दारिता, कर्तव्यनिष्ठताका साथ आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन मार्फत सबैलाई सुशासनको अनुभूति दिलाउने नीति अवलम्बन गरिने छ ।
- बहुजन हितका लागि आवश्यक सहयोग पुऱ्याउने भूमिका निर्वाह गर्ने नीति लिईनेछ ।
- उत्पादनमूलक, छिटो प्रतिफल दिने , रोजगारी अभिवृद्धि गर्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लक्षित वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याई लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्न सहयोग पुऱ्याउने परियोजनाहरु लाई प्राथमिकता साथ अगाडी बढाईनेछ ।
- नेपालको संविधान २०७२ मा व्यवस्था गरिएका मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरु, पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष लगायत नेपाल सरकारले अन्तरराष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धताहरुलाई आत्मसात गरी त्यसैको मर्मभित्र रही नीति तथा कार्यक्रम तय गरी लागू गर्ने नीति नगरपालिकाले लिनेछ ।

- आम नगरवासीको आयस्तरमा वृद्धि हुने स्वरोजगार सिर्जना हुने कार्यक्रमहरु संचालन गर्नका लागि नीति अवलम्वन गरिनेछ ।
- सार्वजनिक सुनुवाई, जनलेखा परीक्षण तथा चौमासिक प्रगति विवरण सार्वजनिक कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरका रणनैतिक महत्वका आयोजनाहरुको पूर्व संभाव्यता अध्ययन सहित विस्तृत परीयोजना प्रतिवेदन (DPR) तयार पारी संघीय र प्रदेश सरकारसँग समपूरक र विशेष अनुदानको लागि प्रस्ताव गरिनेछ ।
- "नगरमै रोजगार गर्वको आधार" अभियान सञ्चालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालन गरी नगरका सम्पूर्ण बेरोजगारलाई रोजगार बनाउने नीति अवलम्बन गरिनेछ ।
- नगरक्षेत्र भित्र सुरक्षालाई व्यवस्थित गरी शान्त र सुरक्षित नगरपालिका बनाई सवै नागरिकलाई शान्ति सुरक्षाको वास्तविक अनुभूति दिलाउन सवै वडाहरुमा सुरक्षा संगठन बनाई जन जागृति अभिमुखिकरण तालिम प्रदान गर्नका साथै सुरक्षा निकाय सँगको समन्वयमा नगरपालिका भित्र हुने जुनसुकै प्रकारका अवाञ्छित गतिविधिलाई नियन्त्रण गर्ने व्यवस्था मिलाईने छ ।
- द्वन्दको समयमा उत्पन्न भएका तर समाधान भैनसकेका समस्याहरु समाधान गर्न आवश्यक नीति बनाई समाधान को पहल गरिनेछ ।

**सभाका सभा सदस्य ज्यूहरु,**

**अब म आगामी आर्थिक वर्षको लागि प्रस्तावित विषय क्षेत्रगत नीति तथा कार्यक्रम तर्फ प्रवेश गर्न चाहान्छु ।**

**<u>क) सामाजिक विकास तर्फ :</u>**

**<u>शिक्षा तथा खेलकुद</u>**

- आधारभूत तहसम्म अध्यनरत सवै बालबालिकाहरुलाई शिक्षा उपलब्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- कक्षा १ देखी ५ सम्मका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई निशुल्क पोशाक, स्टेशनरी सामाग्रीहरु वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- शैक्षिक संस्थाहरुको व्यवस्थापन र नियमन प्रभावकारी गराउने साथै शिक्षण संस्थाहरुमा मैत्रीपूर्ण र सिकाई अनुकूल कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक विद्यालयको गुणस्तर बृद्धिका लागि सिकाई उपलब्धीको मापन गरी उत्कृष्ट हुने विद्यायलाई पुरस्कृत गरिनेछ । साथै सामुदायिक विद्यालयबाट एस.इ.इ.मा सर्वोउत्कृष्ट अंक प्राप्त गर्ने बालबालिकालाई पुरस्कृत गर्ने नीति लाई निरन्तरता दिईनेछ ।
- सम्पूर्ण संस्थागत विद्यालयहरु निर्धारित मापदण्ड बमोजिम सञ्चालन हुने व्यवस्था मिलाइने छ र त्यसको निरन्तर अनुगमन तथा निरीक्षण गरिनेछ ।निजि क्षेत्रद्धारा संचालित सबै शिक्षण संस्थाहरुलाई नीतिको दायरामा ल्याइनेछ ।
- खेलकुद विकासका लागि नगरका निश्चित क्षेत्रमा खेलमैदान र सभाहलको व्यवस्था गरिनेछ ।
- खेलकुदको विकासका लागि नगरमा प्रदेश स्तरिय रंगशाला, कबर्डहल, विद्यालय र वडाहरुमा खेल मैदान निर्माणमा जोड दिईने छ ।
- बदलिदो परिवेशलाई हृदयगम गर्दै सबै विद्यालयहरुमा सूचना प्रविधि मैत्री अध्ययन अध्यापनलाई प्राथमिकता दिइनेछ ।

- सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षहरुलाई शिक्षण मैत्री तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ । साथै सबै आधारभूत र माध्यामिक विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- भवन लगायतका पूर्वाधारको अभाव भई कठिन अवस्थामा सञ्चालन भएका विद्यालयहरुको आवश्यक संरचना निर्माणमा जोड दिइनेछ ।
- वस्तुगत मूल्याङ्कनको आधारमा विद्यालयहरुको अपग्रेड गर्ने नीति अवलम्बन गरिनेछ भने जथाभावी विद्यालय खोल्ने प्रवृत्तिलाई नियन्त्रण गर्न निश्चित वस्तुगत मापदण्ड तयार गरी लागू गरिनेछ ।
- पूर्व प्राथमिक कक्षा आवश्यकताको आधारमा थप तथा पुनर्वितरण गरी संचालन भएकालाई सुधार गर्ने नीति लिईनेछ ।
- शिक्षक तालिम तथा पेशागत विकासलाई सुदृढिकरण गरिनेछ ।
- अनिवार्य तथा निशुल्क आधारभुत शिक्षाको प्रत्याभूति गराउने नीति लिईनेछ ।
- विद्यालय समुदाय विच सुमधुर सम्बन्ध सहयोग र सहकार्य गर्ने नीति लिइने छ ।
- विद्यालयमा न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चितता प्रदान गरिनेछ ।
- अनुगमन मुल्याङ्कनलाई नतिजामा आधारित बनाईने छ ।

**स्वास्थ्य तथा सरसफाई :**

- प्रतिरोधात्मक स्वास्थ्य सेवा, उपचारात्मक स्वास्थ्य सेवा र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा तथा आयुर्वेदिक उपचार पद्धतिलाई प्रभावकारी ढंगले निरन्तरता  दिईनेछ ।
- सामुदायिक विद्यालयका माध्यामिक तहमा अध्यनरत छात्राहरुको स्वास्थ्य र सरसफाईको लागि सेनेटरी प्याडको व्यवस्था गरिनेछ । नगर भित्रका आवश्यक स्थानमा सार्वजनिक शौचालयको निर्माण र सञ्चालन गरिने छ ।
- नगरपालिका भित्र भएका एम्वुलेन्स सेवा सञ्चालनलाई थप प्रभावकारी बनाईनेछ ।
- चौरजहारी नगरपालिकाको नगर अस्पताल यस वर्षमा सेवा संचालन हुने व्यवस्था गरिनेछ ।
- एक वडा एक स्वास्थ्य केन्द्रको अवधारणालाई निरन्तरता दिईनेछ ।
- नागरिकहरुको स्वास्थ्यलाई उच्च प्राथामिकतामा राख्दै गुणस्तरीय औषधी सरल, सुलभ र सहज रुपमा उपलब्ध गराउन औषधी पसलहरुको नियमित रुपमा अनुगमन कार्यलाई तिव्रता दिईनेछ ।
- नगरक्षेत्रका महिलाका लागि विषेश मातृ शिशु स्याहार कार्यक्रम तथा घुम्तीसेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- अति विपन्न, जनयुद्धका घाईते, अपाङ्ग, अशक्त, असहायपरिवारहरुको लागि स्वास्थ्य विमाको प्रिमियम रकम नगरपालिकाले व्यहोर्ने छ ।
- अशक्त, असहाय र जोखिममा परेका गर्भवति महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- प्रत्येक स्वास्थ्य केन्द्रमा बर्थिङ्ग सेन्टरको व्यवस्था गरिनेछ ।
- प्रत्येक स्वास्थ्य केन्द्रमा ३ पारामेडिकल र २ जना नर्स र एक प्रयोगशाला सहायकको व्यवस्था गरिनेछ ।
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सतप्रतिशत स्वास्थ्य संस्थामा सुत्केरी भएको वडा घोषणा कार्यक्रमको सुरुवात गरिनेछ ।

- स्वास्थ्य संस्थाहरुमा DHIS 2/ eLMIS कार्यक्रम लागु गरिनेछ ।
- घुम्ती स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईने छ ।

**सामाजिक परिचालन**

- सामाजिक परिचालनको माध्यमवाट सचेतना अभिवृद्धि गर्ने, योजना तर्जुमा प्रक्रियामा लागत सहभागिता बढाउने, योजनामा अर्थपूर्ण जनसहभागिता वढाउने, नतिजामा आधारित विकास प्रक्रिया अवलम्वनमा पहल गर्ने, सामाजिक सम्वादका माध्यमवाट सामाजिक मानसिक मनोवैज्ञानिक र सकारात्मक सोच तर्फ उन्मुख समाज निर्माण गर्ने विधि र प्रक्रियालाई निरन्तरण दिइनेछ ।
- समाजमा पिछडिएका, विपन्न महिलाहरुको आय आर्जनमा सुधार ल्याई जिवनस्तर सुधार गर्न विभिन्न आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपाङ्ग, विपन्न वर्ग तथा दलित व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवा सुविधाहरु निःशुल्क उपलब्ध गराउने नितिलाई निरन्तरता दिईनेछ ।
- द्वण्दपिडित, घाईते, अपाङ्ग, महिला तथा बालबालिकालाई विशेष सहायता दिने कार्यलाई निरन्तरता दिईनेछ ।

**महिला विकास र शसक्तिकरण :**

- एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायको सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै यातायात, स्वास्थ्य र शिक्षा सेवा निशुल्क गर्न सवै सरोकारवाला निकायहरु संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- एकल महिला, द्वन्द्ध पिडित, हिंसा पिडित महिला तथा पछाडी पारिएका महिलाहरुको लागि नेतृत्व क्षमता विकास, जनचेतनामूलक तथा सशक्तिकरण कार्यक्रम संचालन गरिने छ ।
- महिलाको नेतृत्व विकास, सशक्तिकरण, उद्यमशीलता र सीप विकासका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाईनेछ ।
- अर्न्तरराष्टिय नारी दिवस तथा तिज जस्ता महिलाहरुका विशेष कार्यक्रममा बजेटको व्यवस्था गरिनेछ ।
- स्थानीय रोजगार कार्यक्रममा महिलाहरुलाई प्राथमिकता दिईनेछ ।

**लक्षित वर्ग समुदाय विकास**

- बाल वचाउ, बाल संरक्षण विकास र बाल सहभागिताका विविध पक्षहरुमा सम्वन्धित सरोकारवाला संगको समन्वयमा विशेष कार्यक्रमिक सम्वोधन मार्फत बालमैत्री स्थानिय शासन स्थापना गर्ने नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- लैगिंक उत्तरदायी वजेट कार्यान्वयनमा ल्याइनेछ । महिलालाई प्रत्यक्ष फाईदा पुग्ने भौतिक एंव सामाजिक पूर्वाधार निर्माण गर्न विशेष प्राथमिकता दिइनेछ ।
- फरक क्षमताका व्यक्तिहरुको हकमा विशेष सशक्तिकरण एंवम आर्यआर्जन मुलक कार्यक्रम निरन्तरता दिइनेछ ।
- लक्षित वर्गको कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि लक्षित समुदायको समिति गठन गर्ने ।
- निर्माण गरिएका वा गरिने समाजिक एंव भौतिक पूर्वाधारहरु अपाङ्ग मैत्री बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

- दलित र गैरदलित एंव दलित दलित विचमा रहेको असमानता र छुवाछुतको भावनालाई न्यूनिकरण गर्न सम्वन्धित सरोकारवालाको समन्वयमा विशेष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आदीवासी जनजातिहरुको क्षमता विकास तथा सशक्तिकरण सम्वन्धी कार्यक्रम ल्याइनेछ । आदिवासि जनजातिहरुको संस्थागत क्षमता विकासका लागि विविध कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगर भित्रका वृद्धहरुको बाच्न पाउने अधिकारको सुनिश्चिता प्रदान गर्ने र सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गरि अशक्त, बृद्धका लागि विशेष प्रकृतिको स्वास्थ्य उपचार घरदैलोमा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- बालविवाह र अनमेल विवाह न्यूनिकरण गर्न जनचेतना मुलक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- लैगिङ्क समानताका लागि लैगिङ्क दृष्टिले पछाडी परेका महिला लक्षित विशेष कार्यक्रम ल्याईने छ ।
- सवै विद्यालयमा बालमैत्रि, लैगिङ्कमैत्रि र अपाङ्गमैत्रि शौचालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- घरेलु हिंसा, यौनजन्य हिंसा लगाएतका हिंसाजन्य क्रियाकलापलाई निर्मूलन गर्न सामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने किसिमका कार्यक्रमहरु तथा जेष्ठ नागरिक मैत्री संरचना निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- समाजमा उपेक्षीत तथा उत्पीडित अवस्थामा रहेको दलित समुदायको विकासका लागि क्षमता विकास गर्ने खालका कार्यक्रमलाई निरन्तरता दिईने ।
- छुवाछुत मुक्त नगर कायम राख्न चेतना मुलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिदै उनीहरुको सल्लाह सुझाव लिने परिपाटिको विकास गरिनेछ ।

**धार्मिक, पर्यटन तथा संस्कृतिक परम्परा**

- परम्पपरागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्तिक सम्पदाहरुको संरक्षण गर्न तथा जगेर्नाका लागि विशेष नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- धार्मिक, प्राकृतिक, ऐतिहासिक एवं साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षणर विकासमा जोड दिनेकार्यलाई निरन्तरता दिईनेछ ।
- मौलिक कला सांस्कृतिको प्रवद्धनको लागि समय समयमा वृहत सांस्कृतिक सम्मेलनको आयोजना गरिनेछ ।
- सनातन देखी चलि आएका मेला, जात्रा, लोकनृत्य, झाँकी लगाएतको संरक्षण, सम्बर्धन र प्रर्वधन गर्दै लगिने छ ।
- स्थानीय स्तरमा रहेका विभिन्न पर्यटकीय स्थलहरुलाई संरक्षण र सम्बर्धन गरी आन्तरिक पर्यटन प्रबन्धनमा जोड दिईने छ ।

**ख) आर्थिक विकास तर्फ :**

**कृषि क्षेत्र :**

- “आर्थिक समृद्धिको पहिलो आधार कृषि” भन्ने मुल नाराका साथ नगरपालिका क्षेत्रको सम्भाव्यता अध्ययन गरि कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्म निर्भर बनाई कृषिको

उत्पादनमा व्यवसायिकरण, आधुनिकिकरण, विविधीकरण र बजारीकरण गर्दै खाद्य सुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।

- सामुहिक तथा सहकारी खेती तथा कृषि उपजमा आधारित उद्योगलाई प्रोत्साहित गर्न विषेश अनुदानको व्यवस्था गरिनेछ ।
- जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै जमिनको बहु उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- टीस्यू कल्चर प्रविधिको स्थापना, माटो र विउ परिक्षण प्रयोगशाला, खाद्य तथा तरकारी संकलन विक्रिवितरण केन्द्र निर्माण कार्यलाई जोड दिईनेछ ।
- कृषि क्षेत्रमा सस्तो ऋण उपलब्ध गराउन पहल गरिनेछ ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाउन पहल गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नितिलाई निरन्तरता दिदै उक्त जग्गा उपभोग गरे वापत कानून बमोजिम नगरपालिकामा राजस्व तिर्नुपर्ने नीतिलाई अवलम्बन गरिनेछ ।
- कृषकहरुले उत्पादन गरेको कृषि उपज (ताजा तरकारी, दुध, मशालाबाली) बस्तुको वजारीकरणको सुनिश्चता गरिनेछ ।
- सिंचाई योग्य जमिनको उचित संरक्षण गरि कृषि उत्पादनबाट रोजगारी सिर्जना गरिनेछ ।
- कृषि पेशालाई सम्मानीत मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जिवनस्तरमा सुधार ल्याउने कार्यक्रम ल्याईनेछ ।
- कृषि उपजमा आधारित कृषि उद्योगमा जोड दिदै कृषि उत्पादन र बजार व्यवस्थापनमा अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि पर्यटनको विकास गरी उत्पादनको पहिचान मार्फत पकेट क्षेत्रको घोषणा गरिनेछ ।
- माटो र विउ परिक्षण प्रयोगशाला निर्माण गरिनेछ ।
- थोपा सिचाइ प्रणालीमा जोड दिइनेछ ।
- निर्वाहमुखि उत्पादनको न्यूनिकरण गरी व्यवसायिक उत्पादन वढाउन जोड दिईनेछ ।
- एक खाद्य संकलन केन्द्र निर्माण कार्यलाई निरन्तरता  दिईनेछ ।
- कृषकहरु द्धारा उत्पादित वस्तुहरुको विक्रि वितरणलाई सुनिश्चिता प्रदान गरिनेछ ।
- लिफ्ट सिचाई, थोपा सिचाई, वर्षातको पानी संकलन गर्न पोखरी निर्माण, कुलो, नहर आदिबाट सिचाई गर्ने नीतिलाई जोड दिइने छ ।
- प्राराङगारिक(अर्गानिक) खेती प्रणालीमा जोड दिइने छ ।

**<u>पशु क्षेत्र</u>**

- पशु विकासका लागि नश्ल सुधारलाई जोड दिइने छ ।
- नगर प्रमुखसँग कृषि कार्यक्रम लागु गरी १ घर २ भैंसी विकास कार्यक्रमलाई लागु गरिने छ ।
- संम्भाव्यता अध्यन गरी व्यवसायिक माछा पालनको लागि जोड दिइने छ ।
- दुध मासु र अण्डामा आत्मनिर्भर बनाउन व्यवसायिक फार्म प्रवद्धनका लागि साझेदारी कार्यक्रम लागु गरिने छ ।
- दुग्ध उत्पादनका लागि विशेष निति अवलम्वन गरि दुग्ध जन्य उद्योगलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- पशुपन्छीमा महामारीको रुपमा देखिने विभिन्न रोगको नियन्त्रणको लागि आवश्यक औषधी र खोपको व्यवस्था गरिने छ ।

- कृषि तथा पशु सेवासँग क्षेत्र विस्तार गरी कृषकलाई प्रत्यक्ष र शिघ्रसेवा उपलब्ध गराउन १ वडा १ प्राविधिकको क्रमिक रुपमा व्यवस्था गरिने छ ।
- ग्रामिण पर्यटन विकासका लागि संभाव्यता अध्ययन गरी स्थानीय कुखुरा पालन व्यवसायको विकासमा जोड दिईने छ ।
- आधुनिक पशु बधशाला तथा  स्वस्थ मासु पसलको व्यवस्थ ागर्न पहल गरिनेछ ।

**संचार विकास**

- नगरपालिका भित्र सञ्चालित २ वटा एफ. एम. रेडियो र पत्रिकालाई व्यवस्थित गरिने छ ।
- विद्युतिय एंव छापा माध्यमबाट सेवा गर्ने स्थानीय संचार माध्यमलाई वार्षिकरुपमा नगरपालिकाले सम्झौता गरी आफ्ना गतिविधि सार्वजनिक गर्ने नीति अवलम्वन गर्नेछ ।
- संचार जगतको विकासको लागि रचनात्मक क्रियाकलापहरु गर्ने नितिलाई अवलम्बन गरिनेछ ।
- सवै संचार माध्यमसंग समदुरीको नीति अवलम्वन गरिनेछ ।
- सञ्चारको पहुँच पुग्न नसकेका वडाहरुमा नेपाल टेलिकम लगायतका संस्थाहरु सँग समन्वय गरी पहुँच विस्तार गर्ने कार्य अघि बढाईनेछ ।

**उर्जा विकास**

- चौरजहारी नगरपालिकाका सवै वडाहरुमा तिव्र गतिले विद्युत लाईन जोडिने छ । साथै विद्युत उत्पादनको स्तर वृद्धि गर्ने वा अरु कुनै बैकल्पिक उर्जा विकास गर्ने सक्ने विषयमा स्पष्ट धारणाको विकास गरि विद्युतमा लगानी गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- चौरजहारी नगरपालिकाले यस वर्ष १०० किलो वाटका हात्तिसार लामाबगर र सेतिगाड खागल जलविद्युत आयोजनालाई निरन्तरता दिनेछ । साथै लापुरखोला लघु विद्युत आयोजनालाई व्यवस्थित गर्न आवश्यक लगानी गरीने छ ।

**सहकारी व्यवस्थापन**

- प्रत्येक वडाहरुमा श्रम सहकारी गठन गरि विकास कार्य गुणस्तरीय, पारदर्शी तरिकाले कार्यान्वयन गरिनेछ ।
- प्रत्येक वडाहरुमा कृषि सहकारी स्थापना गरि त्यस सहकारी मार्फत कृषि समुह गठन गरि व्यवसायी उत्पादनमा जोड दिने सहकारीको माध्यमबाट घर घरमा रोजगारी सिर्जना गर्ने नीतिलाई निरन्तरता दिईनेछ
- विपन्न वर्गलाई सहकारीमा पहुच बढाउन कृषि सहकारीमा शेयर पूँजी लगानी गरिनेछ ।

**आन्तरिक आय वृद्धि तर्फ :**

- राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एंव विस्तारीकरणमा जोड दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- सुगम र दुर्गम क्षेत्रमा छुट्टाछुट्टै करको मापदण्ड बनाई कर लिने नीति लागु गरिनेछ ।
- आर्थिक कार्य प्रणालीलाई चुस्त र दुरुस्त बनाई वित्तीय सुशासन कायम गर्नको लागि आगामी आ.व.देखी सूत्र सफ्टवेयर (SUTRA Software) प्रयोगमा ल्याईनेछ ।
- एकिकृत सम्पत्ति कर भित्र नगरपालिकाका सबै करदाताहरुलाई समेट्नका लागि करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

- समता र समानताको लागि सार्वजनिक स्रोत साधनको न्यायोचित वितरण गर्न प्रगतिशील कर प्रणालीमा जोड दिईनेछ ।
- कर संकलन कार्यलाई सरल, सहज, सुलभ र करदाता मैत्री बनाइनेछ ।
- हामीले तिरेको कर हाम्रै लागि समग्र नगरको उन्नति र प्रगतिको लागि भन्ने भावना सबै करदातामा जागृत गराउने अभियान सञ्चालन गरिनेछ ।
- कर संकलनको लागि आवश्यक दक्ष जनशक्ति सहीतको छुट्टै ईकाई गठन गरिने छ ।
- लक्ष्य निर्धारण गरी कर संकलन कार्य थालिने छ । साथै लक्ष भन्दा बढी कर संकलन गरेमा आकर्षक प्रोत्साहनको व्यवस्था समेत गरिनेछ ।
- कर संललनलाई व्यवस्थित एंव वैज्ञानिक ढंगले संचालन गर्न इलेक्ट्रोनिक राजस्व संग्रह प्रणालीको संचालन गरिनेछ ।
- सवै व्यवसायलाई करको दायरामा ल्याईने छ, कर नतिर्ने करदातालाई कानुन बमोजिम कारवाही गरिने छ भने नियमित कर तिर्नेलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

## ग) पूर्वाधार विकास तर्फ :

### भौतिक विकास

- पूर्वाधार विकासको लागि नगरपालिकाको अद्यावधिक आवधिक योजना, नगर यातायात गुरुयोजना, ढल निकास गुरुयोजना तथा निर्द्धिष्ट गरेका सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा नगरपालिकाको श्रोतले व्यहोर्न नसकिने अवस्थाका ठुला सडकहरुलाई सरोकारवाला सम्वन्धित निकायसंग समन्वय गरी निर्माण गरिनेछ ।
- भवन निर्माण आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गरिने नीतिलाई निरन्तरता दिईने छ ।
- नक्सापास गरेर मात्र भवन निर्माण गर्न पाईने तथा नक्सा पास नगरी निर्माण भई सकेका भवनको अनिवार्य रुपमा अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता  दिईने छ ।
- विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र निरीक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- नगरपालिका भित्रका रणनैतिक सडक, पुल, भवन लगायतका भौतिक संरचनालाई नगर गौरवका आयोजनाका रुपमा निर्माण कार्य अगाडी बढाईने छ ।
- चौरजहारी न.पा.भित्र वर्षातमा क्षेती भएका सडकहरुले नगरवासीलाई आवागमनमा समस्या हुने भएकोले वर्षायाम पछि सडकहरु मर्मत गरिनेछ ।
- नगरपालिकाको कुनैपनि शाखालाई भवन निर्माण गर्दा दर्ता जग्गा नभएमा नगर भित्र पर्ने प्रति जग्गालाई प्रयोग गरी भवन तथा फिल्ड निर्माण गरिनेछ । वा व्यक्ति वा संघसंस्थाबाट लिजमा लिइने निती अपनाइनेछ ।

### व्यवस्थित शहरीकरण

- वस्ती विकास योजना तर्जुमा निर्माण गर्न सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । यसका लागि तत्कालिन रुपमा नगरक्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको लगत कट्टा गरी नगरपालिकाको सम्पत्तिको रुपमा अभिलेखीकरण गरिनेछ ।
- सडकका दाँया बाँया वृक्षारोपण गर्ने तथा सडक मापदण्ड अनुसार न्युनतम दुरी कायम गरी व्यवस्थित घर निर्माण गर्ने कार्यक्रम ल्याइनेछ ।
- मनोरन्जन स्थल तथा बजार व्यवस्थापन व्यवस्थित गर्न एंव दुग्धजन्य पदार्थ, मासुजन्य बस्तुहरु, तरकारी, सुनचादी व्यवसाय सञ्चालनका लागि निश्चित स्थान निर्धारण गरिनेछ ।

- चौरजहारी नगरपालिकाको क्रमिक रुपमा जनसंख्या बृद्धि तथा बढदो शहरीकरणलाई मध्यनजर राखि नगरपालिका क्षेत्रभित्र व्यवस्थित बसोबास गराउने उद्देश्यले जग्गा विकास आयोजनातथा निश्चित घरको मापदण्ड निर्धारण गरी आधारभुत सूविधा युक्त व्यवस्थीत सुरक्षित एवं पहिचान युक्त शहरको विकास गर्ने नीति क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।
- पर्ती ऐलानी जग्गालाई नगरपालिको क्षेत्राधिकार भित्र ल्याई उपयोग गर्ने नीति कार्यान्वयन गरिनेछ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन तर्फ :**

**वातावरण संरक्षण**

- भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना वन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्न जैविक ईन्जिनियर सहितको पूर्वाधार निर्माण गर्ने नीति लाई निरन्तरता दिईनेछ ।
- नाङ्गा डाँडाहरुमा वृक्षारोपण गर्न वन कार्यालयसंग सहकार्य गरी वृक्षारोपण गरी प्राकृतिक प्रकोपबाट जोखिमलाई न्यूनिकरण गर्न सहकार्य गर्न नीति बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- शहरी विकास तथा वजार क्षेत्रभित्रका सरकारी एंव गैर सरकारी कार्यालयहरुलाई वातावरणमैत्री वनाउदै लगिनेछ ।
- यस आर्थिक वर्षमा योजना निर्माण गर्दा वातावरणलाई कुनै खालको नराम्रो असर नहुने गरी योजना सञ्चालन गरिनेछ ।
- "स्वच्छ, सफा, सुन्दर र सुरक्षित शहर चौरजहारी नगरवासीको रहर" भन्ने अभियान मार्फत वातावरणीय अनुकुलता कायाम गर्ने सवै प्रकारका उपायाहरु अवलम्बन गर्ने नीति अख्तियार गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन**

- नगरक्षेत्रको फोहोरलाई व्यवस्थित गर्न एक वडा एक आधुनिक ल्याण्डफिल्ड साइडको निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- बजारक्षेत्रमा प्रत्येक घर तथा पसल बाट फोहोर मैला व्यवस्थापन शुल्क लिई सो शुल्क छुट्टै फोहोरमैला व्यवस्थापन कार्य स्थापन गरी सो कोषमा जम्मा गरिनेछ र सोही प्रयोजनको लागि खर्च गर्ने नितिलाई निरन्तरता दिईनेछ ।
- फोहोर मैला उचित व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन र जथाभावी फोहोर गर्ने प्रवृत्तिलाई लाई निरुत्साहीत गर्ने नीतिलाई कडाईका साथकार्यान्वयनमा लगिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ :**

**सांगठनिक संरचना, जनशक्ति व्यवस्थापन तथा प्रशासकीय सुशासन**

- नगरपालिकाको कार्य सम्पादनलाई छिटो छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।
- चौरजहारी नगरपालिको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि मापदण्ड निर्माण गरि प्रोत्साहन भत्ता दिने प्राबधानलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीलाई निजको अनुभव योग्यता तालिम रुचि र क्षमताको आधारमा जिम्मेवारी ताकिनेछ ।

- सेवा करारबाट लिईएका कर्मचारीहरुको हकमा योग्यता दक्षता र नगरपालिकाको आन्तरिक श्रोतका आधारमासेवा सुविधा उपलब्ध गराउने नितीलाई निरन्तरता दिईने छ ।
- ऐन, नियमको परिधि भित्र रहि कार्य सम्पादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरबृद्धि, प्रोत्साहन पुरस्कार प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।
- कार्यबोझ, कार्य प्रकृति र मौजुदा जनशक्तिको अवस्थाको आधारमा कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको आपूर्ति तथा व्यवस्थापन प्रचलित कानून बमोजिम गरिनेछ ।
- कार्यरत जनशक्तिलाई सेवाग्राही मैत्री कार्य सम्पादन गर्न प्रोत्साहन गरिनेछ ।
- सेवा प्रभाहलाई जनमुखी र सेवामुलक बनाउन क्षतिपूर्ति सहीतको नागरिक बडापत्र क्रमशः कार्यान्वयनमा ल्याईने छ ।
- नगरपालिकाबाट प्रवाह गरिने सवै प्रकारका सेवाहरुको सम्बन्धमा २४ सै घण्टा जानकारी प्रदान गर्न डिजिटल नोटिस बोर्ड सञ्चालनमा ल्याईने छ ।
- नगरपालिकाका सवै शाखाहरुबाट प्रदान गर्दै आएका सेवाहरु एकै स्थानबाट सरल र सहज रुपमा प्रवाह गर्न आवश्यक संरचना निर्माण प्रक्रिया अगाडी बढाईने छ ।
- आम नगरबासीको सरोकार राख्ने विषय सँग सम्बन्धीत सूचनामा कानून बमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।
- नगरपालिकाबाट संचालित विकास आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण खुलेको होर्डिङ्ग बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाईनेछ ।
- आफ्नो काम प्रति व्यक्ति स्वयंम उत्तरदायी हुने व्यवस्था अवलम्वन गरिनेछ ।
- जनशक्तिको क्षमता अभिवृद्धिका लागि क्षमता विकास सम्वन्धि कार्यक्रमहरु ल्याइनेछ ।
- कर्मचारीले प्राप्त गर्ने सेवा सुविधालाई समान रुपमा न्यायोचित ढंगले वितरण गरिनेछ ।
- वृत्ति विकास योजना लागू गरी सो सम्वन्धी आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्ने खालको कार्यक्रम ल्याइनेछ ।
- कानुनी सल्लाहकार कानुन बमोजिम नियुक्त गरिनेछ ।

**मानव संसाधन विकास**

- नगरक्षेत्र भित्रका जनशक्तिलाई रोजगार उन्मुख वनाउन एंव दक्ष जनशक्ति उत्पादन गर्नका लागि सम्वन्धीत संस्थाको समन्वयमा विशेष कार्यक्रमहरु निरन्तरता दिईनेछ ।
- वैज्ञानिक, प्राविधिक तथा व्यवसायिक एवं सीपमुलक तालिम सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिईनेछ ।
- आवश्यक मानव संशोधन विकास र उपयोगको लागि सरकारी, सामुदायिक र निजि क्षेत्र विच आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- समावेशी विकास सिद्धान्तको आधारमा जनशक्ति उपयोग एंव विकास गर्नका लागि समतामुलक समावेशीकरण नीति अवलम्वन गरिनेछ ।

**दण्ड र पुरस्कार**

- निद्रिष्ट ऐन, नियमले दिएको अधिकार प्रयोग गरी दण्ड दिने तथा आवश्यकता अनुसार उचित पुरस्कार दिने नीतिलाई निरन्तरता दिईनेछ
- सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई योगदानको आधारमा पुरुस्कार तथा सम्मान दिने नीति लाई निरन्तरता दिईनेछ ।

- नगरक्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थालाई कार्य सम्पादन मुल्याङ्कनको आधारमा तथा संचार जगतमा पनि राम्रो काम गर्ने संचारकर्मी तथा संस्थालाई कामको मुल्याङ्कनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- विभिन्न क्षेत्रबाट नगरको समृद्धि विकासमा टेवा पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**विविध :**

- विश्व बैंक, एसियाली विकास बैंक, जापानी सहयोग नियोग, कोरियाली सहयोग नियोग जस्ता दातृ निकायहरुलाई चौरजहारी नगरपालिकामा कार्यक्रम संचालनका लागि अनुरोध गरिनेछ ।
- प्याराग्लाईडिङ्ग, ऱ्याप्टीङ्ग सेवा, फनपार्क, उद्यान निर्माणका लागि छलफल अगाडी बढाईने छ ।
- नेपालका विभिन्न नगरपालिका, उपमहानगरपालिका एवं महानगरपालिकाहरु सँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने सवारी साधनहरु खरिद गरिनेछ ।
- नगरपालिका भित्र रहेका नगरस्तरिय समितिहरुलाई क्रियाशिल बनाइनेछ ।
- द्धण्दपिडित, घाईते, अपाङ्ग, महिला तथा बालबालिकालाई विशेष सहायता गरिनेछ ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट चौरजहारी नगरपालिकाको राजनीतिक, आर्थिक सामाजिक सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा मनग्गे सुधार आउने कुरामा दृढ विश्वास लिएको छु । चौरजहारीको समाजलाई न्याय, समता, समानता, र स्वतन्त्रता प्रदान गरी आधुनिक, न्यायपूर्ण तथा सभ्य र संगठीत समाजतर्फ डोऱ्याउन नीति तथा कार्यक्रमले सहयोग गर्नेछ भन्ने अपेक्षा गरेको छु । यसको सफल कार्यान्वयनमा सवै सरोकारवालाहरुको अर्थपूर्ण योगदान रहने विश्वास पनि लिएको छु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमको तयारीका दौरानमा रचनात्मक सल्लाह सुझाव प्रदान गरी महत्वपूर्ण योगदान गर्नुहुने जिल्ला समन्वय समिति रुकुम पश्चिमका पदाधिकारीहरु, चौरजहारी नगरसभाका सदस्य ज्यूहरु, राजनितिक दलका प्रतिनिधिहरु, सञ्चारकर्मी, पत्रकार स्थानीय बुद्धिजिवी, कर्मचारी, नागरिक समाज, समाजसेवी, निजी क्षेत्र, सहकारी क्षेत्र गैर सरकारी संस्था लगायत सम्पूर्ण चौरजहारी नगरवासीहरु प्रति अन्तर ह्रृदय देखी आभार र कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद ।**

चौरजहारी नगरपालिका